# प्रेरणा

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित　　वर्ष : २ अङ्क : ९　　फाल्गुन: २०७९　　फेब्रुअरी २०२३


## के तपाईं आफूलाई चिन्नुहुन्छ !



सुख वा दुःखको दुवै अवस्थालाई समान रूपमा लिने मानिसलाई नै विद्वान् भनिन्छ। वास्तवमा उसलाई 'न सुख रहन्छ न त दुःख नै रहिरहन्छ' भन्ने कुराका बारेमा थाहा हुन्छ। यदि तपाईं दुःखी हुनुहुन्छ भने केही समय प्रतीक्षा गर्नुहोस्। सुख आउनेछ। जब सुख जान्छ त्यसपछि केही समय प्रतीक्षा गरेमा दुःख आउने कुरा पनि निश्चित नै हुन्छ। यो त चर्खाको पाङ्ग्राजस्तै चलिरहने चक्र हो।

> वास्तवमा तपाईंभित्र क्रोध छ भन्ने कुरालाई स्वीकार गर्नका लागि त सबै तयार हुन्छन् तर तपाईंभित्रै शान्ति छ भन्ने कुरालाई स्वीकार गर्नका लागि चाहिँ कोही तयारै हुँदैनन्।

के यी अनेकन् समस्या तपाईं जन्मनासाथ उत्पन्न भएका हुन् या त्यो समस्याले तपाईंभन्दा पहिला अरू कसैलाई सताइरहेको थियो त ? तपाईंलाई थाहा हुनुपर्छ, यसअघि कैयौं स्कुटर, कैयौं मोटरबाइक बिग्रिसकेका होलान्। कैयौं मानिसलाई तिनको रोजगारीबाट बर्खास्त गरिएका होलान्। कैयौं पटक मानिसहरूको घरमा ग्याँस नभएका कारण समस्या उत्पन्न भएको हुन सक्छ। यी सबै कुरा पहिलादेखि नै यहाँ भइसकेका छन्। दुःख सहनेहरूमा तपाईंको नाम पहिलो नम्बरमा आएको हुँदै होइन। अहिले तपाईंमाथि घटेको घटना तपाईंभन्दा पहिला धेरै मानिसहरूको जीवनमा घटिसकेको छ। यदि यसो हो भने के अहिले तपाईंको पालो हो त ? यसकारण तपाईंको जीवन सुखदायी हुनुपर्छ या दुःखपूर्ण हुनुपर्छ भन्ने कुरा तपाईंमा निर्भर रहन्छ।

वास्तवमा तपाईंभित्र क्रोध छ भन्ने कुरालाई स्वीकार गर्नका लागि त सबै तयार हुन्छन् तर तपाईंभित्रै शान्ति छ भन्ने कुरालाई स्वीकार गर्नका लागि चाहिँ कोही तयारै हुँदैनन्। शान्ति छ तर यो कुरा तपाईंलाई थाहै छैन किनकि तपाईंले त्यो शान्तिको अनुभव नै गर्नुभएको छैन। किनभने, यदि तपाईंले आफूले आफूलाई चिन्नुभएन भने तपाईं दुःखी हुनुहुनेछ। आफूले आफूलाई चिन्नुभयो भने तपाईं सुखी हुनुहुनेछ। धेरै वर्षअघि सुकरातले पनि यही कुरा भनेका थिए। कबिरदासले पनि यही कुरा बताएका छन्। कैयौं सन्त, महात्मा, विद्वान्हरूले पनि 'आफूले आफूलाई चिन्नुहोस्' भन्ने कुरालाई बताएका छन्।

हिजोआज मानिसहरू त पानी नै नपरिदिए हुन्थ्यो भने जसरी निकै कोसिस गर्छन्। सन्त-महात्माको भनाइ के छ भने पानी त अवश्य पर्छ तर आफ्नो साथमा छाता बोकेको हुनुपर्छ। वास्तवमा एउटा कहिल्यै नपुग्नुभएको स्थानमा पनि जानुहोस्। त्यो स्थान तपाईंभित्रको स्वर्ग हो। यो तपाईंमै निर्भर रहने कुरा हो। यदि आफूले आफूलाई चिन्नुभयो भने जीवित अवस्थामै तपाईंले स्वर्गको अनुभव गर्न सक्नुहुन्छ।

## प्रेम रावतद्वारा सम्बोधन

अस्ट्रेलिया लगायत प्रशान्त क्षेत्र र पूर्वी एसियाका विभिन्न स्थानहरूमा भएका कार्यक्रमपश्चात् भारत आउनुभएपछि प्रेम रावतले सन् २०२२ नोभेम्बर ८ मा नयाँ दिल्लीमा आयोजित हंस जयन्ती विशेष कार्यक्रमलाई सम्बोधन गर्नुभयो। त्यसपछि उहाँको अर्को महिनामा पर्ने जन्मदिनलाई लक्षित गरी त्यहाँ आयोजित दुई दिवसीय विशेष कार्यक्रमलाई पनि सम्बोधन गर्नुभयो। उक्त कार्यक्रमको एक हप्तापछि मिर्जापुरमा उहाँको अर्को दुई दिवसीय कार्यक्रम सम्पन्न भयो। भारत भ्रमणको यस शृङ्खलामा नेपालमा पनि कार्यक्रम गर्ने योजना बनेको थियो तर त्यस बेलामा नेपालमा आम निर्वाचन परेकाले सम्भव हुन सकेन। त्यसैले ती कार्यक्रमहरूमा नेपालबाट धेरै मानिसहरूले त्यहाँ पुगेर सहभागिता जनाउनुभयो भने अन्य व्यक्तिहरूले आफ्नै स्थानबाट प्रत्यक्ष प्रसारणको लाभ उठाउनुभएको थियो।

भारतमा सम्पन्न कार्यक्रमपश्चात् प्रेम रावतले युरोपको स्पेनमा आयोजित विभिन्न कार्यक्रमहरूलाई सम्बोधन गर्न पुग्नुभयो। त्यस्तै डिसेम्बर १० मा आयोजित ६५ औं जन्मोत्सव विशेष कार्यक्रममा सहभागी भई उहाँले सन् २०२२ लाई बिट मार्नुभयो। यो कार्यक्रम अमेरिकाको क्यालिफोर्नियामा सम्पन्न भएको थियो। यसपश्चात् उहाँले अनलाइनका माध्यमबाट विशेष सन्देश दिई सन् २०२३ को नयाँ वर्षलाई स्वागत गर्नुभएको छ।


**यसभित्र**

गतिविधिहरू

लघुकथा : बोक्रा र विद्वता !

मातृभाषा पत्ता लगाउने तरिका !

भजन : पानीमा माछा छ प्यासी

आजमा बाचौं : आभारी रहौं !


हजार सामान्य शब्दभन्दा शान्ति प्रदान गर्ने एक शब्द नै उत्तम हुन्छ। -गौतम बुद्ध

## टाइमलेस टुडे सम्बन्धी जानकारीमूलक कार्यक्रम

प्रेम रावतले शान्ति सन्देश र यस सम्बन्धी सामग्री तथा जानकारीहरूलाई उच्च गुणस्तरीय रूपमा सबै व्यक्तिसमक्ष सजिलैसँग पुगोस् भन्ने अपेक्षा राख्नुहुन्छ । उहाँले समय-समयमा आधुनिक प्रविधिहरूको प्रयोग गरेर थप माध्यमहरू उपलब्ध गराउँदै आउनुभएको छ । हाम्रो सुविधानुसार उहाँले थुप्रै विकल्पहरू दिइरहनुभएको छ।

उहाँको शान्ति सन्देश सम्बन्धी भिडियो, अडियो तथा प्रत्यक्ष प्रसारणहरू प्राप्त गर्ने विभिन्न सजिलो र अत्याधुनिक माध्यमहरू थपिँदै गएका छन् । त्यही माध्यममध्ये टाइमलेस टुडे पनि एक हो । यदि हामीसँग इन्टरनेट र मोबाइल फोन वा कम्प्युटर छ भने जहाँसुकै र जहिलेसुकै चाहेका बेलामा यो टाइमलेस टुडेबाट हेरेर वा सुनेर आनन्द लिन सक्छौँ । जानकारीहरू प्राप्त गर्न सक्छौँ।

यति धेरै सम्भावना भएको टाइमलेस टुडे सम्बन्धी जानकारीहरू प्रदान गर्ने र त्यसमा जोडिन चाहनेलाई प्राविधिक सहयोगसमेत प्रदान गर्ने गरी नेपालभरिका केन्द्रहरूमा आत्मज्ञान प्रचार संघ र टाइमलेस टुडेका स्वयम् सेवकहरूले कार्यक्रमको सुरुवात गरेका छन् । त्यसका लागि ती स्वयम् सेवकहरूलाई तालिम प्रदान गरियो । हालसम्म ११ ओटा तालिमहरूमा ३०४ जना स्वयम् सेवकहरू सहभागी भए भने ती तालिम प्राप्त स्वयम् सेवकहरूले १३२ ओटा केन्द्रहरूमा कार्यक्रम गरिसकेका छन् । हालसम्म पनि यो कार्यक्रम निरन्तर जारी छ।

## प्रचार विशेष 'उत्साह २०७९' कार्यक्रमको प्रभाव



श्री प्रेम रावतको शान्ति सन्देशको प्रचारलाई गति दिने उद्देश्यबमोजिम आत्मज्ञान प्रचार संघले देशव्यापी रूपमा प्रचार विशेष 'उत्साह २०७९' कार्यक्रम सञ्चालन गरिसकेको छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाको प्रभावका कारण सुस्ताएको प्रचार अभियानलाई गतिशील तुल्याउन यस कार्यक्रमले विशेष सहयोग पुऱ्याएको छ । २०७० सालमा भक्तपुर र पोखरामा सम्पन्न प्रत्यक्ष (लाइभ) कार्यक्रमपश्चात् हालसम्म नेपालमा त्यस प्रकृतिको कार्यक्रम नभएकाले प्रेम रावतलाई स्वागत गर्न चाहने ज्ञान प्राप्त व्यक्तिहरूलाई यो उत्साह कार्यक्रमले हौसला बढाएको हो । छलफल तथा सहभागिताका आधारमा सञ्चालन गरिने यस कार्यक्रममा प्रचारको विगतको तथ्याङ्कीय स्थिति, वर्तमान समयमा भइरहेका फरक-फरक कार्यक्रम तथा अन्य आवश्यक विवरणसहित आगामी प्रचार योजना तर्जुमाको अभ्यास गराइन्छ । यसमा विशेषत: केन्द्रका तीन सहायक लगायत सक्रिय ज्ञान प्राप्त व्यक्तिहरूलाई कुनै एक क्षेत्रमा जम्मा गराएर स्वतन्त्र रूपमा आगामी प्रचारको योजना बनाउन लगाइन्छ । यस क्रममा सम्भावित प्रत्यक्ष कार्यक्रमलाई लक्षित गरेर प्रचारका नवीन तरिकाको खोजी गर्ने अभिप्रायले सामूहिक सहभागितामा जोड दिइन्छ । फलस्वरूप देशका विभिन्न जिल्लामा क्यानोपी, कोठे कार्यक्रम, खुला कार्यक्रम, विद्यालय/क्याम्पस विशेष कार्यक्रम, विभिन्न मेला तथा महोत्सवमा हुने कार्यक्रम, मोबाइल टेन्ट कार्यक्रम आदिबाट बेग्लै उत्साह बढेको देखिन्छ । देशभर सञ्चालन भएको कार्यक्रममा ३ हजार २ सय ५८ जना ज्ञान प्राप्त व्यक्ति सहभागी हुनुभयो भने उहाँहरूले २२ हजार ९ सय २५ ओटा कार्यक्रमबाट ६ लाख ८४ हजार ५ सय ९२ जना नयाँ मानिसलाई सहभागी गराउने लक्ष्य निर्धारण गर्नुभएको छ।

## कारागारमा शान्ति सन्देशको प्रभाव

नेपालमा वि.सं. २०६९ सालमा काठमाडौँको डिल्ली बजारस्थित कारागारमा ४५ जना कैदीबन्दीले प्रेम रावतको शान्ति सन्देश सुन्नुभयो । यो कारागारमा सञ्चालित नेपालको पहिलो कार्यक्रम थियो । त्यसपश्चात् हालसम्म देशभरिका २१ ओटा कारागारका २,१८४ (दुई हजार एक सय चौरासी) जना कैदीबन्दीले शान्ति सन्देश सुनिसकेका छन् । यीमध्ये ८६२ (आठ सय बैसट्ठी) जनाले त ज्ञान प्राप्त गरिसकेका छन् । यद्यपि कतिपय कारागारमा ज्ञान-सत्रका लागि आवश्यक पर्ने हल वा आवश्यक मापदण्डको अभावका कारण 'शान्तिको उपहार' (ज्ञान प्राप्त गर्न अनिवार्य रूपमा हेर्नुपर्ने भिडियोको शृङ्खला) हेरेर पनि धेरै कैदीबन्दीहरूले ज्ञान प्राप्त गर्नबाट वञ्चित रहनुपरिरहेको छ

नेपालबाहिरको तथ्यलाई नियाल्दा छिमेकी देश भारतको तेलङ्गाना राज्यका पाँचओटा कारागारका कैदीबन्दीहरूले प्रेम रावतको शान्ति शिक्षा कार्यक्रम सुने । उक्त कार्यक्रमको प्रभावका कारण ती कारागारहरू आजका दिनसम्म पनि कैदीबन्दीविहीन बनेका तथा कार्यक्रम सुनेका व्यक्तिहरू पुन: कारागारमा नफर्किएको बताइएको छ । त्यस्तै, ब्राजिलका कारागारहरूमा सञ्चालित उहाँको शान्ति शिक्षा कार्यक्रमको प्रभावका बारेमा भर्खरै गरिएको सर्वेक्षणअनुसार ९९.७ (उनान्सय दशमलव सात) प्रतिशत कैदीबन्दीहरूले चिन्ता कम गर्न, स्वयम्को बुझाइमा सुधार ल्याउन र जीवनको मूल्यप्रति गर्व गर्नका लागि यस कार्यक्रमले मद्दत पुऱ्याएको भावलाई व्यक्त गरेको पाइएको छ।

यसरी प्रेम रावत संसारभरकै विभिन्न कैदीबन्दीहरूमाझ पुगिरहनुभएको हुन्छ । उहाँको सन्देशका कारण धेरै कैदीबन्दीहरूले आफूलाई परिवर्तन गराएर जेलबाट छुटेपश्चात् समाजमा असल कर्म गर्नुभएको प्रशस्तै दृष्टान्तलाई सुन्न र हेर्न पाइरहिएको छ।

कथा

## बोझ र विद्वता

एक जना मानिस आफ्नो घरका कारण साह्रै चिन्तामा थिए। चारैतिर छरपस्ट सामानहरू राखिएकाले पाइलो राख्ने ठाउँसम्म थिएन । एक दिन उनी त्यही आफ्नो समस्या सुल्झाउने उपायको खोजीमा गाउँका एक जना विद्वान् व्यक्तिकहाँ गए। उनले आफ्नो समस्या राखे- “मेरो एकदमै राम्रो अनि ठूलो घर छ तर के भयो भने अहिले त्यस घरमा पाइलो राख्ने ठाउँसमेत छैन।”

विद्वान् मानिसले सोधे, “अँ.., घरबाहिर अरू पनि केही छन् त तपाईँसँग ?”

त्यसपछि उनी भन्छन्, “हजुर ! केही हाँस पालेर राखेको छु। तिनलाई बाहिर राखेको छु।”

उनले भने, “यसो गर्नुहोस्, तिनलाई आफ्नो घरभित्रै राखिदिनुहोस् !”

त्यसपछि उनले हाँसलाई आफ्नो घरभित्र ल्याए। एक हप्तापछि गएर उनले फेरि भने “हजुर ! अहिले त समस्या अझै बढ्यो । पहिला त अलिअलि पाइलो राख्ने ठाउँसम्म थियो । अब त त्यो पनि बाँकी रहेन । अलिकति खाली ठाउँलाई पनि हाँसहरूले ओगटिदिए।”

विद्वान् मानिसले भने, “अरू केही छ तपाईँसँग ?”

उनले भने, “हजुर ! केही बाख्राहरू छन् !”

त्यसपछि भने, “तिनलाई पनि भित्र राखिदिनुहोस् अनि एक हप्तापछि फेरि आउनुहोस्।”

एक हप्तापछि उनी फेरि भेट्न गए। भने, “हजुर ! अब त अझै धेरै खराब स्थिति भयो। अब त सास लिनका लागि पनि घरमा ठाउँ बाँकी रहेन।”

> हामी जहाँ जान्छौँ त्यहाँ बोझ बोकेर हिँड्छौँ अनि विनाअर्थका बोझमा पिरोलिन्छौँ।

विद्वान् व्यक्तिले फेरि सोधे, “अरू केही छन् त तपाईँसँग ?”

जवाफ फर्काए, “हो ! दुई-तीनओटा गाई छन्।”

उनले भने, “तिनलाई पनि भित्र राखिदिनू अनि हप्तादिनपछि फेरि आउनू।”

एक हप्तापछि उनी फेरि आए। एकदम क्रोधित मुद्रामा पनि छन्। अनि, उनी भन्छन्, “हजुर ! तपाईं कस्तो बुद्धिमान् मान्छे हो ! मेरो घरमा यसो अलिअलि खाली ठाउँ थियो। म तपाईँसँग मद्दत माग्नका लागि आएको थिएँ तर तपाईंले त मेरो घरलाई अझै धेरै गन्जागोल बनाइदिनुभयो !”

विद्वान् व्यक्तिले भने, “अब ती हाँस, बाख्रा, गाईहरू सबैलाई बाहिर निकालिदिनू अनि त्यसपछि मकहाँ आउनू।”

उनले आफ्नो घरबाट सबै हाँस, बाख्रा अनि गाईहरूलाई बाहिर निकालिदिए। अर्को दिन खुशी हुँदै विद्वान् मानिससँग भन्छन्, “अब त मेरो घरमा यति धेरै ठाउँ भयो कि कुरै नगरौँ !”

हामीसँग पनि यस्तै अवस्था हुन्छ। हामी जहाँ जान्छौँ त्यहाँ बोझ बोकेर हिँड्छौँ । अनि, विनाअर्थका बोझमा पिरोलिन्छौँ । यसर्थ बोझलाई बिसाउनुहोस् अनि अघि बढ्नुहोस् !

## मातृभाषा पत्ता लगाउने तरिका !

एक जना धेरै भाषामा निकै अब्बल तरिकाले कुराकानी गरिरहेका मान्छेलाई देखेर अकबर राजाले सोधे, “तपाईंको आफ्नो मातृभाषा कुन हो ? तपाईं त सबै भाषामा उत्तिकै राम्रोसँग बोल्नुहुँदो रहेछ।”

उनले जवाफ दिए, “महाराज, म सबै भाषामा उत्तिकै अब्बल छु । मलाई मराठी भाषा आउँछ, हिन्दी भाषा पनि आउँछ । भोजपुरी भाषा उत्तिकै आउँछ । उर्दू, बङ्गालीदेखि ठाउँअनुसार मैथिली, थारु, बज्जिका भाषा पनि जान्दछु। मेरो मातृभाषा ‘यही नै हो’ भन्ने नै छैन, महाराज !”

त्यसपछि वीरबललाई बोलाएर अकबरले सुटुक्क भन्छन्, “वीरबल, यी मानिसको मातृभाषा पत्ता लगाउन सकिन्छ ?”

वीरबलले भने, “महाराज, भोलिसम्मको समय दिनुहोस्।”

भोलिपल्ट अकबरले वीरबललाई सोधे, “ती मानिसको मातृभाषा कुन रहेछ ? पत्ता लगायौ त ?”

तब वीरबलले भन्छन्, “थाहा भयो महाराज !”

त्यसपछि अकबर सोध्छन्, “कसरी ?”

वीरबलले भने, “हिजो ती मानिस सुतेपछि तिनको खाटमुनि कागजको डल्लो बनाएर आगो लगाइदिएँ। त्यसपछि उनी त्यहाँ ‘भोजपुरी’ भाषामा ‘आगो लाग्यो, आगो लाग्यो’ भन्दै चिच्याउन थाले। मान्छेले अप्ठ्यारो समयमा आत्तिएपछि त आफ्नै भाषामा चिच्याउँछ नि महाराज !”

भजन

## पानीमा माछा छ प्यासी

पानीमा माछा छ प्यासी, यो सुनेर म उठ्छु हाँसी

आत्मज्ञानविना नर भट्कन्छ, के मथुरा के काशी
मृगनाभीमा छ कस्तूरी, वन-वन घुम्छ भई उदासी

जलमा कमल कमलबिच कोपिला, त्यहीँ छ भमरो आशी
मनकै वशमा त्रिलोक भए सब, यति सती सन्यासी

ब्रह्मा, विष्णु, महेश ध्यान गर्दछन् जसको, मुनिजन हजार अठासी
तिनै हंश तिम्रा घटमा छन्, अलख पुरुष अविनाशी

छ घटमा तर टाढा बताउँछन्, टाढाको कुरा निराशी
भन्छन् कबिर सुन भाइ साधु, गुरुविना जान्न भ्रम राशि ।

(सन्त कबिरको भजनलाई अनुवाद गरिएको)

# आजमा बाचौं : आभारी रहौं !

मानिसहरू ट्रक, कारहरूमा आफ्नो रक्षा होओस् भनेर भगवान्को फोटो टाँस्छन्। के तपाईंले दुर्घटना होओस् भनेर योजना बनाउनुभएको छ र! तर, मानिसहरूलाई डर लाग्छ। संशय हुन्छ। वास्तवमा तपाईं बसिरहनुभएको माटोबाटै तपाईं बन्नुभएको हो। जुन माटोलाई पखाल्नका लागि तपाईं आफ्नो शरीर साबुनले धुनुहुन्छ नि त्यो शरीर माटैबाट बनेको छ। तपाईं त त्यही माटोलाई घृणा गर्नुहुन्छ। जवानहरूलाई यसबारेमा खासै वास्ता हुँदैन। वृद्ध हुनुभएकालाई चाहिँ राम्रैसँग याद हुन्छ। तर, अहिले बुझे जसरी उहाँहरूले पहिला कहिल्यै पनि यसरी बुझ्नुभएको थिएन।

दुईओटा पर्खाल छन्। एउटा पर्खालबाट आउनुभयो अनि अर्को पर्खालबाट जानुपर्नेछ। बिचमा तपाईंको जिन्दगी छ। कहाँबाट आउनुभयो भन्ने कुरा कसैलाई थाहा छैन अनि कहाँ जानेछौं भन्ने कुरा पनि कसैलाई थाहा हुँदैन।

> मानिसहरू परिवारमा कलह गर्छन्। एक-अर्कामा क्लेश राख्छन्। छरछिमेकीहरू एकआपसमा क्लेश राख्छन्। ऊसँग यस्तो छ, मसँग छैन।

दुई पर्खालका बिचमा तपाईंको खेल चलिरहेको छ। तपाईंका नातागोता, साथीभाइ, सुख-दुःख, चिन्ता लगायतका यी सबै कुरा यिनै दुई पर्खालका बिचमा छन्। हामीलाई प्राप्त भएको यो समयमा हामी भने यिनै दुई पर्खालका बारेमा सोच्दैनौं। हाम्रो सोचाइ त त्यो पर्खालको पछाडि के छ भन्नेमै केन्द्रित हुन्छ। यो सोचाइबाट केही पनि फाइदा हुँदैन किनभने त्यो त निश्चित कुरा हो। दोस्रो पर्खाल छ र त्यसको निकट पनि पुगिरहेका छौं। त्यसको नजिक आइरहे पनि हामीले केही नै गर्न सक्दैनौं। केही गर्न नसक्दै त्यो आइपुग्छ। त्यो पर्खालमा पुग्नासाथ तपाईंले त जानुपर्ने हुन्छ।

हामी सबै आ-आफ्नो धारणामा फसेका छौं। मलाई यो चाहिएको छ, मेरा लागि यस्तो हुनुपर्छ। मानिसहरू परिवारमा कलह गर्छन्। एक-अर्कामा क्लेश राख्छन्। छरछिमेकीहरू एकआपसमा क्लेश राख्छन्। ऊसँग यस्तो छ, मसँग छैन। यदि तपाईं सय वर्ष बाँच्नुभएको भए पनि तपाईंका लागि ३६ हजार ५ सय दिन मात्रै न हुने हो। केवल ३६ हजार ५ सय दिन। सय वर्षसम्म बाँचिरहनु पनि सामान्य कुरा होइन।

हामीले आफ्नो आँखा खोलेर नहेरेसम्म सत्यता के हो भन्ने कुरै थाहा हुँदैन। सत्य कुरा सधैं सुन्दर हुन्छ। कुरा त आज अनि भोलिका बारेमा हो। तपाईं कहाँ हुनुहुन्छ- आजमा कि भोलिमा ? तपाईंको ध्यान आजमा जान्छ कि भोलिमा जान्छ! भोलिमा बाँच्नुहुन्छ भने आज त बित्नेछ। तर, यदि आजमा बाँच्नुभयो भने पनि भोलि त बित्नेछ। एउटाले त बित्नैपर्छ। दुवैमा बाँच्न खोज्नुभयो भने न आज रहन्छ न त भोलि नै राम्रोसँग बित्छ। तपाईंलाई के चाहिएको छ- आज या भोलि ?

> आजमा जिउने मान्छे हरक्षण आफ्नो जीवनप्रति आभारी रहन्छ। उसलाई आभार प्रकट गर्ने कुरामा कुनै सङ्कोच नै हुँदैन।

सबै भोलिका बारेमा सोच्ने गर्छन्। भोलि यस्तो हुनेछ, भोलि त्यस्तो हुनेछ। भोलि यस्तो गर्नेछौं, भोलि त्यस्तो गर्नेछौं। पूरै जीवनमा हामीले यही 'भोलिवाद' को पाठ पढ्दै आएका छौं। त्यसपछि कोही सन्तजी आएर भन्नुहुन्छ- आजका बारेमा पनि ख्याल गर्नुहोस्। आजमा पनि ध्यान दिनुहोस्। तपाईं कसका लागि जिउनुहुन्छ ? भोलि त कहिल्यै पनि आउँदैन। यदि भोलि आयो भने पनि आज नै बनेर आउँछ।

जब हामी दोस्रो पर्खालका छेउछाउमा पुग्छौं त्यसपछि 'अहिलेसम्म त जीवनमा सही तरिकाले बाँचेकै रहेनछु' भन्ने लाग्छ। आजमा जिउने मान्छे हरक्षण आफ्नो जीवनप्रति आभारी रहन्छ। उसलाई आभार प्रकट गर्ने कुरामा कुनै सङ्कोच नै हुँदैन। तपाईंभित्र के भइरहेको छ! यो श्वास चलिरहेको छ। यसमा ध्यान दिनुहोस्। यदि यो श्वासमा ध्यान लगाउनुभयो भने आफ्नो सृष्टिकर्तासँग तपाईंको नाता गाँसिनेछ। त्यसपछि तिनलाई चिन्नुहुनेछ अनि पहिचान गर्नुहुनेछ। आफूले आफूलाई चिन्नुहोस्। आफूले आफूलाई पहिचान गर्नुहोस्। यदि हामीलाई कुनै राम्रो कुराको चाहना छ भने पनि यो कुरा सम्भव छ। हाम्रो जीवनमा यो हुन सक्छ। यदि यस्तो भयो भने वास्तवमा जीवनमा आनन्द नै आनन्द हुनेछ।

## शान्ति सन्देशका लागि
## आधिकारिक अनलाइन स्रोतहरू

www.premrawat.com
www.timelesstoday.tv
www.tprf.org
www.rawatcreations.com
www.wopg.org
www.rajvidyakender.org
www.anjan.tv
www.youtube.com/premrawatofficial

यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'के तपाईं आफूलाई चिन्नुहुन्छ!', 'बोझ र विद्वता' कथा र 'आजमा बाचौं : आभारी रहौं!' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो। उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ।

**आत्मज्ञान प्रचार संघ**

सामाखुशी, काठमाडौं, फोन नं. : ०१-४९५२९१२/४९५२९८०, हेल्पलाइन नं. : ०१-५९०१७६५ इमेल : agps@mos.com.np
प्रचार विभाग : ९८४३१६५०११, लेखा विभाग : ९८४७३६४४८७, व्यवस्थापन विभाग : ९८४०००६२४५

सबैले संसार बदल्नेबारे मात्रै सोच्दछन् तर कसैले पनि आफूलाई बदल्नेबारे सोच्दैन। -लियो टोल्सटोइ